"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर
स्वच्छ हराभरा, समाबेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !"

# आर्थिक वर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

## कीर्तिपुर नगरपालिका

मितिः वि.सं.२०८१ असार २१ गते

ने.सं. ११४४ तछलागा आमै

**यस कीर्तिपुर नगरपालिका, नगरसभाको पाचौं अधिवेशनमा उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु लगायत सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु ।**

सर्वप्रथम २०४६ सालको जनआन्दोलनमा कीर्तिपुरवाट शहादत प्राप्त गर्नुहुने चार शहीदहरु राजमान माली, राजेन्द्र महर्जन, हिराकाजी महर्जन, लन वहादुर महर्जन तथा सशस्त्र द्वन्द, २०६२।०६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा शहादत प्राप्त गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछौं । कीर्तिपुर नगरपालिका वडा नं. १ का अध्यक्ष हिरालाल महर्जन, वडा नं. ४ का अध्यक्ष श्याम अधिकारी, कार्यपालिका सदस्य श्याम दानकोटी प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै मृतकहरुको आत्माको चीर शान्तिको कामना गर्दछु ।

स्थानीय तहको आवधिक निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको दुई वर्ष पूरा भई तेस्रो वर्षमा प्रवेश भइसकेको छ । यस वर्ष बजेट कार्यान्वयन, सेवा प्रवाह, बेरुजु फछ्र्यौटको अवस्था आदि विषयमा विगत वर्षहरूको तुलनामा उल्लेखनीय प्रगति भएको व्यहोरा अवगत गराउँदै यसमा सहयोग पुऱ्याउनुहुने सम्वद्ध सबैमा हार्दिक आभार प्रकट गर्दछौं ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनले स्थानीय तहलाई निर्दिष्ट गरे बमोजिम उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता तथा जवाफदेहिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने जिम्मेवारीलाई आत्मसात गर्दै, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्दतिलाई सुदृढ गर्ने राष्ट्रिय अभिभारामा योगदान गर्ने दृढ संकल्पसहित, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई जनमुखी बनाई स्थानीय विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी कीर्तिपुर नगरपालिकालाई कीर्तिपुरवासीको आफ्नै घरदैलोको सरकारका रुपमा व्यवहारमै महसुस हुने गरी स्थापित गर्ने योजना रहेको छ ।

अघिल्लो वर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मुर्त रुप दिनका लागी कीर्तिपुर नगरपालिकाको नीति योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानुनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सहयोग गर्नु हुने सिंगो जनप्रतिनिधिहरुको टिम, कर्मचारी मित्रहरु,

स्थानीय राजनितिक दल, सल्लाहकार, बुद्धीजिवी, स्वयमसेवी, नागरिक समाज र आम सञ्चारको भुमिका महत्वपुर्ण नै छ । यि सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन २०७४ विभिन्न विषयगत कानुनहरु कीर्तिपुर नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । नगरबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साँझेदारी, सम्प्रेषण र अनुगमनलाई मुख्य आधार बनाई प्रभावकारी एवं परिणाममुखी कार्यान्वयन गर्नका लागी कीर्तिपुर नगर सरकार दुरदृष्टिका साथ अगाडी बढ्ने लक्ष्य लिएको छ ।

संघीय सरकार र प्रदेश सरकारको समन्वयकारी भुमिकाको साथ तथा सहयोगमा यस नगर क्षेत्रभित्र स्वच्छ खानेपानी वितरण, फोहोरमैला व्यवस्थापन, कृषिमा आधुनिकिकरण, कृषि बजारको व्यवस्था, पर्यटकिय क्षेत्रको विकास, सुचना प्रवन्ध, शिक्षा, सडक, यातायात, साँकृतिक सम्पदाको संरक्षण लगायत महिला, दलित, अपाङ्ग, वालवालिका, जनजाती, जेष्ठ नागरिक, युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने र विकासका योजनाहरुलाई एकिकृत योजनाका साथ अगाडी बढ्ने योजना लिएको छु । कीर्तिपुर नगरपालिकालाई सर्वाङ्गिण दिगो विकास र सम्मृद्धिको मार्गमा द्रुत गतिमा अगाडी बढाई समाजवाद उन्मुख राष्ट्र निर्माणको कार्यमा एक आपसमा हातेमालो गर्दै ससक्त ढङ्गले एकाबद्ध तरिकाले आआफ्नो स्थान र भुमिकाबाट सहयोग गरिदिन हुन सम्पुर्ण नगरबासीहरुमा हार्दिक अपिल गर्दछु । नगरपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा कर्मचारी मित्रहरुको पुर्ण रुपमा सृजनात्मक एवं सक्रिय सहयोग मिल्ने विश्वासका साथ नगरपालिकाको आगामी आ.व. को नीति तथा कार्यक्रम एकिकृत विकासको नारालाई वृहत योजनामा समाहित हुने गरी सोहि अनुसारका नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**मुख्य नीतिहरू**

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूल रुपमा निम्न लिखित मुख्य नीतिहरूको आधारमा क्षेत्रगत बजेट, नीति, योजना तथा कार्यक्रम अगाडि बढाइनेछ ।

- मेयर स्वास्थ्य प्रबर्द्धन कार्यक्रम अन्तर्गत घुम्ती सेवा मार्फत विषेशज्ञ चिकित्सकबाट जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र एकल महिलाहरूको सुक्ष्म रुपमा स्वास्थ्य जाँच कार्यक्रम सञ्चालनमा ल्याईएको र आगामी वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिई अझ प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरिनेछ ।

- एक घर एक स्नातक कार्यक्रमलाई निरन्तरता दिईनेछ । खुला विद्यालय सञ्चालनमा आई सकेको हुँदा यस कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- यस नगरभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूले उपलब्ध गराउनु पर्ने निशुल्क छात्रवृत्ति तथा स्वास्थ्य संस्थाहरूले उपलब्ध गराउन पर्ने निशुल्क उपचार एवं उपचार सैयाको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ र सो को सघन रुपमा नियमन गरिनेछ ।
- निकासी कर लगायत करको दायरा बिस्तार गरी राजश्व बृद्धिमा जोड दिईनेछ । राजश्वसंग सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै राजश्व संकलनलाई करदातामैत्री बनाइनेछ । घर जग्गा बहालकरलाई स्वस्फूर्त रुपमा संकलन गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- आ.व. २०८१/०८२ को सम्पत्ती कर सोहि आ.व. को प्रथम त्रैमासिकमा चुक्ता गर्नेलाई १० प्रतिशत, दोस्रो त्रैमासिकमा चुक्ता गर्नेलाई ५ प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ । चालु आर्थिक वर्षमा कर भुक्तानी नगरेमा अर्को आर्थिक वर्षमा ५ प्रतिशत जरिवाना र सो वर्ष समेत कर भुक्तानी नगरेमा प्रत्येक वर्ष थप २ प्रतिशतका दरले जरिवाना लिइनेछ ।
- नगर क्षेत्र भित्रका सम्पदा स्थल, सार्वजनिक बाटो, पोखरी आदीको सर-सफाई, संरक्षण तथा मर्मत संभार कार्यका लागी स्थानीय महिला समूह, सामुदायिक संस्था, सहकारी, क्लबलाई आर्थिक अनुदान उपलब्ध गराई जिम्मेवार बनाईने नीति लिईनेछ ।
- जनप्रतिनिधिलाई पेश्की नदिने नीतिलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।
- योजना तथा कार्यक्रमहरू समयमै सम्झौता गरी सम्पन्न गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । आर्थिक वर्षको बैशाख मसान्त पछि योजना तथा कार्यक्रमहरू सम्झौता नगर्ने नीति लिइनेछ ।विशेष परिस्थितिमा कार्यपालिकाको निर्णयानुसार उपयुक्तताको आधारमा थप गरिनेछ ।
- बेरुजु र पेश्की बेरुजु रहेका उपभोक्ता समितिहरुको अभिलेख अद्यावधिक गरी त्यस्ता समिति तथा पदाधिकारीहरुबाट योजना तथा कार्यक्रमहरु सञ्चालन नगर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य लगायतका सेवालाई प्राथमिकतासाथ सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिबृद्धि गर्न पाठ्यक्रम, विद्यार्थी र शिक्षक केन्द्रित आवश्यक नीति तय गरी कार्यान्वयनमा ल्याईनेछ । विद्यालयको भौतिक पुर्वाधार विकासलाई निरन्तरता दिई सामुदायिक विद्यालयहरुको शैक्षिक पक्षको सुदृढिकरण गरिनेछ ।

- बैदेशिक रोजगारीमा जाने र फर्कि आउने नगरवासीहरूको अभिलेख राख्ने व्यवस्था मिलाईनेछ । वैदेशिक रोजगारीबाट फर्केका नगरवासीहरुको ज्ञान, सीप, र क्षमतालाई उपयोग गर्ने नीति लिईनेछ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०८१/०८२ को लागि विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु ।

**<u>क्षेत्रगत नीतिहरू</u>**

## (१) सामाजिक विकास क्षेत्र

### १.१ स्वास्थ्य

क) विष्णुदेवी अस्पतालमा बर्थिङ सेन्टर र इमर्जेन्सी सेवा सञ्चालनमा ल्याउन आवश्यक ब्यबस्थापन गरिनेछ । यस अस्पताललाई आवश्यक जग्गाको व्यवस्था गरी १५ शैयाको अन्तरंग सेवा सञ्चालन गर्न सक्ने गरी पूर्वाधार निर्माण गरिनेछ ।

ख) नगरपालिका भित्र बसोबास गर्ने स्थायी बासिन्दा र नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कीर्तिपुर अस्पतालमा ५०% छुट सहित उपचार सेवा उपलब्ध गराउने व्यवस्थालाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गर्ने गरी निरन्तरता दिइनेछ ।

ग) नगरपालिका भित्र बसोबास गर्ने स्थायी बासिन्दाहरुलाई एम्बुलेन्स तथा शवबाहन सेवा निशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

घ) ६८ वर्ष उमेर पूरा भएका जेष्ठ नागरिक र "क" र "ख" वर्गका अपाङ्गता परिचयपत्र भएका नगरवासीलई सुगर प्रेसरको औषधि निशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ङ) फरक क्षमता भएका व्यक्ति, असक्त तथा ज्येष्ठ नागरिकहरुका लागि थेरापी, अकुपंचर, अकुप्रेसर सेवा तथा सहायक सामग्रीहरु उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

च) नगरक्षेत्र भित्रका निजि स्वास्थ्य संस्थाको दर्ता, नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

छ) नगरपालिकाको सहयोगमा स्थापना गरिएको कीर्तिपुर अस्पतालमा रहेको अक्सिजन प्लान्टबाट नगरपालिका भित्र बसोबास गर्ने दम, मुटु र फोक्सोका रोगीहरुलाई लक्षित गरि निःशुल्क रुपमा अक्सिजन उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

ज) गर्भवती तथा सुत्केरी महिलाहरुलाई आवश्यक स्वास्थ्य परीक्षण निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनुको साथै निःशुल्क आइरन तथा क्याल्सियम चक्की वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

झ) नगरपालिकाबाट उपलब्ध गराउँदै आइएको निःशुल्क डायलाइसिस सेवालाई कीर्तिपुर अस्पताल मार्फत निरन्तरता दिइनेछ ।

ञ) अति विपन्न परिवार स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ट) आँखा स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम सहकार्य मार्फत सञ्चालन गर्ने गरी निरन्तरता दिईनेछ।

ठ) नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्त संचार केन्द्र, सोल्टीमोडको सहकार्यमा कीर्तिपुर नगरवासीका लागि आवश्यक परेको बखत रगत तथा रक्त पदार्थहरू निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

ड) कीर्तिपुर नगरपालिकामा नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

ढ) सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य प्रयोगशाला स्थापना गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिका भित्र मनोसामाजिक परामर्श केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ ।

ण) परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, योग तथा ध्यान लगायतका स्वास्थ्य पद्धतिको संरक्षण, प्रवर्द्धन, विकास र बिस्तार गर्दै लगिनेछ ।

त) महिला स्वास्थ्य स्वयंसेवीहरुको क्षमता अभिबृद्धि गरिनेछ । नियमित खोप कार्यक्रमलाई प्रवर्द्धन गर्दै खोप अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।महिलाहरुमा हुने पाठेघरको मुख तथा स्तन क्यान्सर पहिचान गर्न प्रत्येक वडामा क्यान्सर परीक्षण अभियान सञ्चालन गरिनेछ ।

थ) सार्वजनिक यातायातलाई सुरक्षित र मर्यादित बनाउन सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिनेछ । श्रमिकहरुलाई उत्प्रेरित गर्ने अभियान सञ्चालन गरिनेछ ।

द) कीर्तिपुर नगर क्षेत्रबाट सार्वजनिक सेवामा प्रतिस्पर्धाको क्षमता अभिवृद्धि गर्न लोक सेवा आयोग लगायतका सेवाहरूका लागि तयारी कक्षा सञ्चालन गरिनेछ ।

ध) लागु पदार्थ र सुर्ति जन्य पदार्थ सार्वजनिक स्थान र शैक्षिक संस्था वरपर विक्री वितरणमा रोक लगाउने नीति लिइनेछ ।

### १.२ शिक्षा

क) कीर्तिपुर नगरपालिका भित्रका स्थानीय आर्थिक रुपमा विपन्न विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्न छात्रवृत्तीको सहजीकरण गरिनेछ ।

ख) एक घर एक स्नातक कार्यक्रम अन्तर्गत मंगल बहुमुखी क्याम्पस, जनाधार क्याम्पस र शहीद स्मारक कलेजसँगको सहकार्य र समन्वयमा सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउदै निरन्तरता दिइनेछ ।

ग) दिगो विकास लक्ष्यका सूचकहरू प्रासिका लागि नगरपालिका भित्र अध्ययनरत विद्यार्थीहरूलाई अन्तराष्ट्रिय मञ्चहरूमा सहभागी गराउन प्रोत्साहन गरिनेछ ।

घ) नगरस्तरीय दश वर्षे दीर्घकालिन शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ साथै योजनाबद्ध ढंगबाट कीर्तिपुरवासीलाई गुणस्तरीय शैक्षिक अवसरको प्रत्याभूती गराइनेछ ।

ङ) सामुदायिक तथा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुको शैक्षिक, भौतिक, प्राविधिक र व्यवस्थापकीय पक्षहरुको सबलिकरण गर्दै स्थानीय विद्यार्थीहरुको आकर्षणयुक्त शैक्षिक केन्द्रको रुपमा विकास गरिनेछ ।

च) कीर्तिपुर नगरपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण विद्यालयहरूलाई एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अनिवार्य आबद्ध गरी सो को प्रभावकारी रुपमा नियमन गरिनेछ ।

छ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई प्रभावकारी बनाउन विद्यालय तहबाट नै प्रतिस्पर्धी खेलाडी उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

ज) प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र स्थानीय विषयको पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरुको लागि वृत्ति विकास तथा प्रोत्साहन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

झ) राष्ट्रिय प्राठ्यक्रम प्रारुप २०७६ लाई पूर्णरुपमा कार्यान्वयन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नका लागि शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ र विद्यालय तहका शैक्षिक जनशक्तिलाई अनुसन्धानात्मक कार्यमा संलग्न गराइनेछ ।

ञ) नगर क्षेत्र भित्रका विद्यालहरुमा अध्यनरत बालबालिका, युवा, शिक्षकहरुको प्रतिभा पहिचान, सृजनात्मक कार्य र अन्वेषणात्मक कार्यहरुलाई प्रोत्साहन गर्नका लागि अन्वेषणात्मक अवधारणा पत्र निर्माण गरी क्रमश नगरस्तरीय Innovation Center स्थापना गरिनेछ ।

ट) कीर्तिपुर माध्यमिक विद्यालय र टौदह राष्ट्रिय माध्यमिक विद्यालयलाई नमुना विद्यालय अन्तर्गत उपलब्ध गराउदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिँदै यस वर्ष अन्य विद्यालयहरुमा समेत सुधारका कार्यक्रम अगाडि बढाइनेछ ।

ठ) **"हाम्रो शिक्षा हाम्रै भाषामा"** नीति लागु गर्दै यस नगरपालिकामा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम अन्तर्गत नेपाल भाषाको झिगु किपू विषय पठनपाठन गराउने नीतिलाई निरन्तरता दिँदै कक्षा ८ सम्म क्रमशः लागु गर्ने नीति लिइनेछ । स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

ड) सामुदायिक विद्यालयसँगको सहकार्यमा खुला विद्यालय सञ्चालन भइसकेकोले विद्यालय शिक्षाबाट वञ्चित नगरबासीको शैक्षिक हक सुनिश्चित गरिनेछ ।

ढ) अल्पसंख्यक, अति विपन्न र दलित, परिवारका नगरवासी विद्यार्थीहरूलाई सामुदायिक विद्यालयहरुमा १२ कक्षा सम्म निशुल्क शिक्षा दिने व्यवस्था मिलाईनेछ ।

ण) कीर्तिपुर नगरपालिका भित्रका विद्यालयहरुमा हरित विद्यालय विकास कार्यक्रम लागू गरी हरित पर्यावरण प्रवर्द्धन गरिनेछ ।

त) सामुदायिक विद्यालयका शिक्षकहरुको पेसागत विकास मार्फत प्रबिधिमैत्री गुणस्तरिय शिक्षामा जोड दिईनेछ ।

## १.३ लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति

क) **"सबैभन्दा ठूलो लाज, विभेदको समाज"** भन्ने भावनालाई व्यवहारमै आत्मसात गर्ने गरी बिभेदमुक्त समाज निर्माण र छुवाछुत बिरुद्धको कार्यक्रम सञ्चालन गरी परम्परागत सीपको प्रवर्द्धन गरिनेछ ।

ख) वडा नं ७ बालमैत्री वडा घोषणा भइसकेको र क्रमशः अन्य सबै वडाहरूमा समेत आवश्यक सूचक पूरा गरी बालमैत्री वडा घोषणा गर्दै सो मार्फत बालमैत्री नगरपालिकाको रुपमा स्थापित गरिनेछ ।

ग) नगरपालिका भित्र सञ्चालित जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको लागि आर्थिक अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । ज्येष्ठ नागरिकको ज्ञान सिप र अनुभवलाई नगरको समृद्धिका लागि उपयोग गरिनेछ ।लैङ्गिक अल्पसंख्यक नगरवासीको लागि क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

घ) **"कीर्तिपुरका महिला, विकासमा पहिला"** भन्ने अभियानलाई आत्मसात गर्दै महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।लैङ्गिक हिंसाबाट प्रभावितहरुका लागि राहत, मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) गृहिणी महिलासँग उप-प्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।जस अन्तर्गत गृहिणी महिलाहरुलाई सशक्तिकरण गर्दै आर्थिक रुपमा आत्मनिर्भर बनाउन बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

च) बाल विकास र बाल अधिकारसम्बन्धी सरोकारवाला निकायको समन्वयमा बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

छ) सबै सार्वजनिक संरचनाहरुलाई अपाङ्गतामैत्री बनाइनेछ। अपाङ्गता भएका ब्यक्तिहरुको सशक्तिकरणका लागि तालिम सञ्चालन गरी सीप, पूँजी, प्रबिधि हस्तान्तरण गर्नुका साथै अपाङ्गता सहायक सामग्री उपलब्ध गराईनेछ ।

ज) अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गर्दै एकिकृत दिवा सेवा केन्द्र सञ्चालनको नीति लिइनेछ ।

झ) नेपाल भाषा बिषय लिई स्नातकोत्तर (एम.ए.)/दर्शनाचार्य (एम.फिल) अध्ययन गर्ने स्थानीय विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

ञ) नेपाल भाषाको (रञ्जना लिपी) प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ट) समुदाय र विद्यालयमा प्रहरी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

ठ) कीर्तिपुर नगरपालिकाको बृत्तचित्र निर्माण र नगर गीत निर्माण गरिनेछ ।

ड) कीर्तिपुरको सम्पदा क्षेत्रलाई बिश्व सम्पदामा सूचिकृत गर्न आवश्यक पहल गरिनेछ ।

## १.४ उद्योग तथा वाणिज्य नीति

क) लघु उद्यमीहरुका लागि तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न चाहने नगरवासीलाई आवश्यक पर्ने रकम सहुलियत दरमा ऋण स्वरुप उपलब्ध गराउन स्वरोजगार कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

ग) नेपाल सरकार तथा बागमती प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक ग्राम स्थापना तथा सञ्चालनका लागि आवश्यक पहलकदमी लिईनेछ ।

घ) नगरभित्रका स्थानीय उत्पादनको लेबलिङ्ग, ब्राण्डिङ्ग तथा बजारीकरण गरी स्थानीय उत्पादनलाई प्रोत्साहित गरिनेछ ।

ङ) स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरण गर्न नगरपालिका भित्रका व्यापारिक चोक/सार्वजनिक स्थलमा घुम्ती बजार सञ्चालन तथा सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

च) अपांगता भएका व्यक्तिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

छ) युवा उद्यमशीलता तथा रोजगार अभिबृद्धि कार्यक्रम सञ्चालन गरी उद्यमीहरुका लागि सीप, बिउ पूँजी, प्रविधि हस्तान्तरण तथा परामर्श उपलब्ध गराइनेछ ।

ज) स्थानीय घरेलु मदिरालाई ब्राण्डिङ्ग, लेबलिङ्ग गरी बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।

## १.५ गैर सरकारी एवं निजी क्षेत्रसँग साझेदारी

क) स्वदेशी, विदेशी, सामुदायिक एवं निजी क्षेत्रका उद्योगी व्यावसायीहरुलाई लगानीमैत्री वातावरण सृजना गरी उत्पादन तथा रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

ख) नगर क्षेत्रभित्र क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ, संस्थाहरुको वार्षिक योजना तथा कार्यक्रम नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ। साथै गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरुमा संस्थाको समेत लागत साझेदारी रहने व्यस्था मिलाइनेछ ।

## १.६ खानेपानी तथा सरसफाई

क) **"हाम्रो लगानी, घर-घरमा स्वच्छ पानी"** नीतिलाई आत्मसात गर्दै कीर्तिपुर नगरक्षेत्र भित्र पर्याप्त खानेपानीको प्रबन्ध मिलाइनेछ ।

ख) कीर्तिपुर नगरपालिका वडा नं ४ स्थित तामाङ्ग वस्तीमा वृहत खानेपानीको लागि ट्याङ्की निर्माण गरी खानेपानी वितरण कार्यलाई सहजरुपमा व्यवस्थित गरिनेछ ।

ग) दुधपोखरी, सिम र नौमुलेबाट वितरण भैरहेको पानीको वितरण प्रणालीलाई प्रभावकारी बनाइ पहुँच विस्तार गरिनेछ ।

घ) खानेपानी मुहानको संरक्षण, व्यवस्थित रुपमा खानेपानी लाईनको विस्तार तथा वितरण गरी स्वच्छ खानेपानी उपभोगका लागि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँग समन्वय र सहकार्य गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

ङ) सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा ल्याईनेछ।

च) आकासे पानी संकलन कार्यमा स्थानीय संघ संस्थाहरुको सहभागितामा स्थानीय ऐतिहासिक पोखरीहरुको संरक्षण गरी जमिनमा पानी रिचार्ज गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

छ) खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH PLAN) र दिशाजन्य लेदो व्यवस्थापनको कार्यविधि बनाई नगरव्यापी समावेशी सरसफाई (CWIS) योजना कार्यान्वयन मा ल्याइनेछ ।

## (२) आर्थिक विकास क्षेत्र

### २.१ कृषि विकास

क) **"किसानको खुसी, पशुपालन र कृषि"** मूल नीतिलाई अवलम्बन गर्दै उत्पादनका आधारमा कृषकहरूलाई प्रोत्साहित गर्दै लगिनेछ । कृषकहरूको सूचिकरण र परिचय-पत्र वितरण गर्ने कार्यलाई कृषि विमा कार्यक्रमसँग आवद्ध गर्दै लगिनेछ ।

ख) नगर क्षेत्रमा कृषि पेशा तथा व्यवसाय प्रवर्द्धन गर्न कृषि उत्पादनमा संलग्न कृषक, ब्यवसायी, उद्यमीको वास्तविक संख्या र उनीहरुको विद्यमान अवस्थाको विवरण संकलन गरी उत्पादनका आधारमा प्रोत्साहित गर्दै लगिनेछ ।

ग) माटोको स्वच्छता कायम गरी गुणस्तर सुधार गर्न प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ । एकिकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) सञ्चालन गर्न प्रत्येक वडामा वाली संरक्षण निर्देशनालय हरिहर भवन ललितपुरको समन्वयमा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

घ) रैथाने जातका नगदे बालीको पहिचान, प्रयोग, संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन, उपभोग तथा बजारीकरणमा प्रोत्साहन गरिनेछ ।

ङ) साना/सिमान्तकृत/विपन्न वर्गका कृषकहरुलाई कृषि विकासका लागि मौसम र अवस्था अनुसार बिभिन्न बालीका लागि आवश्यक कृषि सामग्रीहरु (बिउ, मल, विषादी, कृषि औजार, आदी) निशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

च) **"आफ्ना लागि गरौं आफै उत्पादन"** नीतिलाई प्रोत्साहित गर्दै कौसी खेती, अर्गानिक तथा जैबिक खेतीलाई प्राथमिकता दिइनेछ।

छ) स्थानीय बजार ब्यवस्थापन, संकलन केन्द्र, स्थानीय कृषि बजार स्थापना गरिनेछ ।

ज) कृषि प्रचार प्रसार तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु (तालिम, गोष्ठी, घुम्ती शिविर, कृषि प्रर्दशन मेला आदी) आवश्यकता अनुसार सञ्चालन गरिनेछ ।

झ) आर्थिक विकासमा सहकारी संस्थाहरुको भूमिकालाई प्रवर्द्धन गर्दै सहकारी संस्थाको नियनमलाई प्रभावकारी बनाईनेछ ।

### २.२ पर्यटन तथा संस्कृति प्रवर्द्धन

क) **"कीर्तिपुर होमस्टे, घुम्नेछु अवश्य"** भन्ने भावनालाई आत्मसात गर्ने गरी स्थानीय रहनसहन, संस्कृति, परम्परा झल्किने गरी नमूना होमस्टे स्थापना तथा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । नगरपालिकाको समग्र पर्यटन विकासका लागि व्यवस्थित आधुनिक र प्रविधिमैत्री पर्यटन सूचना केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

ख) धार्मिक र सांस्कृतिक क्षेत्रका मूर्त तथा अमूर्त सम्पदाहरुको अन्वेषण, अनुसन्धान, संरक्षण, र सम्वर्द्धन गरी सांस्कृतिक पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ग) धार्मिक, सांस्कृतिक, पर्यापर्यटन तथा ग्रामिण पर्यटनको प्रवर्द्धन मार्फत रोजगारी सिर्जना गरिनेछ । स्वदेशी तथा बिदेशी पर्यटकको बसाई व्यवस्था गर्न होमस्टेको प्रवर्द्धन तथा पर्यटकिय पूर्वाधार र सेवा सुबिधाको बिस्तार गरिनेछ ।

घ) मातृभाषा, कला, साहित्य, संस्कृति र सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ ।नेपाल भाषा साहित्य सम्मेलन गर्नको लागि आवश्यक कार्य गरिनेछ ।

ङ) नगरको भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्दा प्राकृतिक सुन्दरता कायम राख्दै पर्यावरणमैत्री दिगो विकासमा जोड दिईनेछ ।

च) ऐतिहासिक ढुङ्गेधारा, पोखरी, कुवा, ईनार, परम्परागत खानेपानीका स्रोतलाई सम्पदाको रुपमा समुदायको सहभागितामा संरक्षण र उपयोग गरिनेछ ।

छ) बाजागाजा, जात्रापर्वको सम्बर्द्धन र प्रबर्द्धनार्थ परापूर्वकालदेखि आफ्नो लगन र अथक परिश्रमद्वारा हालसम्म पनि जीवन्त सँस्कृतिको रुपमा जोगाई राख्न सफल स्थानीय भेषभूषा, बाजागाजा खलः, पुचः तथा जात्रापर्व सञ्चालन गर्दै आइरहेका समूहसँग प्रत्यक्ष सहकार्य गरिनेछ ।

ज) कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि पुस्तान्तरण कार्यक्रम सञ्चालन गर्न गरिने कृयाकलापहरुमा आवश्यक सहयोग गरिनेछ ।

झ) जाती, जनजाती लगायतका समुदायहरुको सांस्कृतिक संरक्षण गर्न संग्राहलयको निर्माण तथा संस्कृति, सम्पदा र भाषा लिपि संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

ञ) घना बस्ती क्षेत्रमा परम्परागत शैलिका घर निर्माणमा सहयोगको कार्यक्रमलाई नयाँ घर निर्माण, पुरानो घरको मर्मत सम्भार र रेट्रोफिटिङ्ग समेतमा आर्थिक सहयोग गर्ने गरी अझ प्रभावकारी रुपमा विस्तार गरिनेछ ।

ट) सामुदायिक वन क्षेत्रमा पर्या पर्यटन विकासका-कार्यक्रमहरु सञ्चालन गर्न जनसहभागिताका आधारमा पर्यावरणीय संरक्षण गर्ने नीति लिइनेछ ।

ठ) स्वदेशी तथा विदेशी स्थानीय सरकार तथा नगरपालिकाहरूसँग भागिनी सम्बन्ध स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

ड) पर्यटन सूचना केन्द्रलाई सूचना तथा प्रविधिमैत्री एवं पर्यटन सम्पर्क केन्द्रको रुपमा समेत विकास गरिनेछ ।

ढ) दिगो विकास लक्ष्य (SDG) का  सूचकहरू अनुरुप योजना तथा कार्यक्रमहरू तर्जुमा गरी स्थानीयकरण गरिनेछ ।

## २.३ सहकारी विकास

क) नगर र नगरवासीको आर्थिक तथा सामाजिक विकासका लागि तीन खम्बे अर्थनीतिलाई ग्रहण गर्दै सहकारी क्रियाकलापहरुलाई सोही अनुरुप अगाडि वढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ ।

ख) सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्वपूर्ण स्तम्भका रुपमा विकास गरी सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारिताको भावना विकास गर्ने गरी नेपाल सरकार तथा बागमती सरकारवाट सार्वजनिक गरिएको नीतिलाई आत्मसात गर्दै आ.व.०८१।०८२ मा सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन र प्रशिक्षणका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसमा विषयगत सहकारी संघहरु, सहकारी बैंकसँग समेत सहकार्य गरिनेछ ।

ग) सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्बन्धित विभागसँग समन्वय गरी सबैलाई अनिवार्य लागु गर्न प्रोत्साहित गरिनेछ ।

घ) कीर्तिपुर सहकारी संघ लिमिटेड सहित सहकारी अभियानसँग सहकार्य गरी सहकारी संस्थाहरुको तर्फवाट नगरपालिका, नगरवासी तथा आफ्नो समुदाय प्रति रहेको सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यलाई पारदर्शी, व्यवस्थित तथा प्रभावकारी बनाइनेछ ।

ङ) सहकारी संस्थाहरु एकिकरणका लागि आवश्यक सहजिकरण तथा प्रोत्साहन गरिनेछ ।

च) नगर क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारीमा देखिएको जोखिम पहिचान तथा न्यूनिकरण गर्न सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयलाई थप प्रभावकारी बनाइनेछ ।

छ) सहकारी विकासका लागि सरोकारवाला पक्षहरुको सहभागितामा आवश्यक नीति, मापदण्ड, निर्देशिका, कार्यविधिहरुको निर्माण गरिनेछ ।

## २.४ पशु विकास

क) युवाहरुलाई पशुपालन व्यवसायमा आकर्षित गर्न युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) स्थानीय वजार व्यवस्थापन, संकलन केन्द्र, स्थानीय पशुपंछि वजार स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

ग) सामुदायिक कुकुरहरुलाई रेविज भ्याक्सिन तथा स्थायी वन्ध्याकरण गरी वढ्दो समस्याको नियन्त्रण गरिनेछ ।

घ) पशुपंछी पालन व्यवसाय गरिरहेका साना किसानहरुलाई व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्न आधुनिक यान्त्रिकरणहरु लागत साझेदारीमा उपलब्ध गराईनेछ ।

ङ) पशुपंछी फर्म दर्ता, समुह समिति दर्ता अद्यावधिक तथा सञ्चालन गर्ने कार्यलाई थप सशक्त बनाईनेछ ।

च) उत्पादकत्व वृद्धि गर्न पशुहरुमा नश्ल सुधार, पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा सेवा सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

छ) पशुपंछी पालन गरिरहेका विपन्न वर्ग, एकल महिलाहरुलाई उन्नत जातको पशुपंछी निःशुल्क वितरण गरिनेछ ।

ज) नगरपालिकाको वडा नं ९ मा स्थापित मिटमार्ट सेन्टरको नियमित अनुगमन गरी थप सुधार गर्न लगाइनेछ।मिटमार्ट तथा बधशाला, डेरि तथा मासु पसलहरुलाई आधुनिक तरिकाबाट व्यवस्थापन तथा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## २.५ रोजगार

क) रोजगारका क्षेत्रहरूको पहिचान गर्दै **"एक घर एक रोजगार"** नीतिलाई प्राथमिकता दिइनेछ । नगर क्षेत्र भित्रका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरिनेछ ।

ख) सीपमूलक तथा व्यवसायिक एवं विशिष्ट तालिम सञ्चालनलाई निरन्तरता दिईनेछ ।नगर क्षेत्रभित्र रोजगारी सृजना गर्ने उद्यमीहरूलाई विशेष प्रोत्साहित गरिनेछ ।

ग) तालिम, उद्यमशिलता, बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि आवश्यक परामर्श प्रदान गरिनुकासाथै सहजिकरण गरिनेछ ।

घ) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नगरपालिकाको विकास निर्माण सम्बन्धी योजना तथा कार्यक्रमहरुमा आबद्ध गर्ने नीति अबलम्बन गरिनेछ ।

## २.६ राजश्व परिचालन

क) **"हामीले तिर्ने कर हाम्रै लागि हो, करले होइन रहरले तिरौं, कसैलाई नपिरौं"** भन्ने भनाईलाई व्यवहारमै आत्मसात गर्ने गरी करको दर होइन दायरालाई विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

ख) कर संकलनका लागि घरदैलो तथा घुम्ती टोली परिचालन गरिनेछ र नगरपालिकाको राजश्व संम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा कर संकलन नीतिलाई सुधार गर्दै लगिनेछ ।

ग) उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, घरेलु तथा साना उद्योग संघका प्रतिनिधिहरु, बजार व्यबस्थापन समितिका प्रतिनिधिहरु, जनप्रतिनिधि, कर्मचारी तथा कर संकलन स्वयमसेवकहरु समेतको सहभागीतामा घर बहाल र व्यवसाय कर संकलन अभियान एवं सचेतना कार्यक्रम सञ्चालन गरी नगर भित्रका सम्पुर्ण व्यवसायहरुको अभिलेखिकरण गरिनेछ ।

घ) राजश्व प्रशासनलाई अझै सक्षम, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउँदै विद्युतिय प्रणाली मार्फत कर संकलन गर्ने नीति लिइनेछ ।

ङ) नगरवासीहरुलाई राजश्व सम्बन्धी सन्देशमुलक कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

च) यस नगर क्षेत्रमा भएका विभिन्न मनोरञ्जन कर, पर्यटन शुल्क, पिकनिक स्थल कर, विज्ञापन करहरुको कार्यविधी तथा मापदण्ड बनाई करको दायरामा ल्याइनेछ ।

छ) नागरिकता, व्यक्तिगत घटना दर्ता, विपद्, अपाङ्गता सम्बन्धी सिफारिस एवं मृतकसँगको नाता प्रमाणित प्रमाणपत्र जारी गर्ने वाहेक नगरपालिका तथा वडा कार्यालयबाट उपलव्ध हुने सेवा सुविधा सम्पत्ती कर तथा बहाल कर लगायतका करहरु अनिवार्य रुपमा चुक्ता गरी गराई मात्र प्रदान गर्ने व्यवस्था गरिनेछ ।

ज) नेपाल सरकारले सञ्चालनमा ल्याएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (राजश्व मोडयुल) लागू गरिनेछ ।

## (३) वन, वातावरण तथा विपद् व्यवस्थापन

## ३.१ फोहोरमैला व्यवस्थापन तथा सरसफाई

क) **"फोहोरबाट मोहोर"** भन्ने अवधारणालाई साकार बनाउन उत्पादन स्थलबाटै कुहिने र नकुहिने फोहोर वर्गिकरण गरी संकलन गर्ने व्यवस्था गरिनेछ । कुहिने फोहोरवाट जैविक मल

बनाउन प्रोत्साहन गरी सोको बजार व्यवस्थापन समेत गरिनेछ र व्यवसायिक रुपमा जैविक मल उत्पादन गर्न चाहनेहरुलाई अनुदान उपलब्ध गराइनेछ । स्वास्थ्यजन्य र विद्युतीय (E-Waste) फोहोर वर्गीरकण तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

ख) प्रतिस्पर्धाका माध्यमवाट निजी क्षेत्रलाई फोहोरमैला व्यवस्थापनमा सहभागी गराइ नियमित अनुगमन, सुपरिवेक्षण गरिनेछ ।

ग) नेपाल सरकारले तोकिएको मापदण्ड भन्दा घटी माइक्रोनका प्लाष्टिक प्रयोगलाई निषेध गर्ने र अन्य जोखिमयुक्त प्लाष्टिक जन्य सामग्रीहरूको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

घ) स्थानीय संघसंस्था, महिला समूह, क्लबहरुको सहभागितामा सार्वजनिक स्थल वातावरण मैत्री बनाइ हरियाली प्रवर्द्धन गर्न साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) कीर्तिपुर नगरपालिका वडा नं ९ सुन्दरीघाटमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

च) घर, विद्यालय, ऐतिहासिक स्थल लगायतका सार्वजनिक स्थानमा फोहोर व्यवस्थापनका लागि स्थानीय पाठ्यक्रममा व्यवस्था भए अनुरुप वातावरणीय शिक्षा दिने व्यवस्था गरिनेछ ।

छ) फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरलाई अन्तिम विसर्जनका लागि नेपाल सरकारले तोकेको स्यानेटरी ल्याण्डफिल साईटमा पुऱ्याउन सम्वन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

ज) **"एक विद्यालय एक सम्पदा"** सफाइ कार्यक्रम अभियानकै रुपमा अगाडि बढाइनेछ ।

झ) टोलबासीहरूलाई टोल विकास संस्थामा आवद्ध र दर्ता हुन अभिप्रेरित गर्दै सरसफाई र फोहोरमैला व्यवस्थापनको कार्यमा सहभागी हुन प्रेरित गरिनेछ ।

## ३.२ वन तथा वातावरण

क) नगरपालिका क्षेत्रभित्र खाली रहेका सरकारी, पर्ती, ऐलानी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न जाति तथा प्रजातिका बोट विरुवाहरु वृक्षारोपण गरि हरियाली प्रबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

ख) नगरभित्र रहेको पुरानो बस्तीहरुमा गाडीहरुको प्रवेशलाई व्यवस्थित गरी पैदल/साइकल/विद्युतीय सार्वजनिक सवारी प्रवर्द्धन गरिनेछ।

ग) सामुदायिक वन उपभोक्ता समूहहरुको वार्षिक योजना तथा कार्यक्रम नगरपालिकामा अनिवार्य रुपमा पेश गर्ने र तोकिए बमोजिम शुल्क तथा दस्तुर नगरपालिकाको संचित कोषमा जम्मा गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता अभिवृद्धि गर्दै हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणमा समन्वय र सहकार्य गरिनेछ ।

घ) सामुदायिक वन क्षेत्रहरुमा पर्यटन प्रवर्द्धनको लागि दर्शनीय र मनोरञ्जनात्मक स्थानहरुको निर्माण गरी स्थानीय आयआर्जनलाई टेवा पुऱ्याइनेछ ।

ङ) सामुदायिक वन र जिल्ला वन कार्यालयसँग समन्वय गरी जिर्ण भएका रुखको प्रतिस्थापन गर्ने स्थानमा फलफुलको बोट बिरुवा लगाउन अध्ययन गरिनेछ ।

च) स्थानीयस्तरमा रहेका जडिबुटी पहिचान, संकलन, प्रशोधन र बजारीकरणको माध्यमबाट आयआर्जन र रोजगारी सिर्जना गरिनेछ । यसको लागि सामुदायिक वन उपभोक्तासँग सहकार्य गरिनेछ ।

## ३.३ विपद् व्यवस्थापन

क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थापित विपद् व्यवस्थापन कोष सम्वद्ध संस्थाहरुसँग समन्वय गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

ख) विपद् जोखिम न्यूनीकरणकका लागि समुदाय स्तरमा सम्वद्ध संघ-संस्थाहरु, निजी क्षेत्र तथा अन्य क्षेत्रसँगको साझेदारी, सहकार्य र सहयोगमा जनचेतना अभिबृद्धी लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बिपद् सम्बन्धी सचेतना, क्षमता विकास, प्रतिकार्य, खोज तथा उद्धार र कृतिम अभ्यास कार्यलाई बिभिन्न संघसंस्थासँगको सहकार्यमा सञ्चालन गरिनेछ ।

ग) नगर स्तरमा प्रतिकार्यलाई प्रभावकारी बनाउन आपतकालिन कार्य सञ्चालन केन्द्र (ईमरजेन्सी अपरेशन सेन्टर) को स्थापना तथा सञ्चालन कार्यलाई थप व्यवस्थित गरिनेछ र विपद्मा प्रयोग गर्नको लागि नगरपालिका क्षेत्र भित्र खुला क्षेत्रहरूको पहिचान गरी संरक्षण गरिनेछ ।

घ) विपद्का समयमा जनधनको क्षतिलाई कम गर्न नगरस्तरमा द्रुत प्रतिकार्य समूहको गठन, प्रशिक्षण तथा स्रोत र साधनको व्यवस्थाका लागि सम्वद्ध संस्थाहरुसँग समन्वय गरिनेछ ।

ङ) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक जनशक्तिको उत्पादन तथा विपद् जोखिम व्यवस्थापनका लागि नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुपका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ३.४ भू तथा जलाधार संरक्षण

क) **"प्रकृतिको सार, भू तथा जलाधार"** अन्तर्गत दिगो विकासको स्थानीयकरण, जलस्रोतको पहिचान र संरक्षण, हरियाली प्रवर्द्धन जस्ता विषयलाई प्राथमिकता दिइ कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ख) परम्परागत पानीका श्रोतहरू ढुंगेधारा, पोखरी, ईनारहरूको संरक्षण गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

ग) बल्खु र बागमती नदी, दुधपोखरी, सिम, नौमुले, राउटे भीर, सिम्ले खोला, बोसन खोला लगायतको जलाधार क्षेत्रको संरक्षणका लागि तटवन्ध तथा चेकड्याम निर्माण, वृक्षारोपण लगायतका कार्यलाई निरन्तरता दिईनेछ ।

घ) भूक्षय तथा पहिरोको उच्च जोखिम रहेका क्षेत्रहरू पहिचान गरी सो को नियन्त्रणका लागि विशेष प्राथमिकता दिईनेछ ।

ङ) परम्परागत राजकुलो, मूहान, तालतलैया र पोखरी संरक्षण तथा पुनःस्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ३.५ भूमि नीतिः

क) नगर क्षेत्र भित्रका सरकारी तथा सार्वजनिक जग्गाको पहिचान तथा संरक्षण गरिनेछ । सार्वजनिक जग्गाहरुको लगत राखी संरक्षणका लागि स्थानीय समुदायसँग समन्वय र साझेदारी गरिनेछ ।

ख) सम्बन्धित निकायसँग समन्वय गरी नापी नभएका तथा नापी भै जग्गा धनी प्रमाण पूर्जा वितरण हुन बाँकी रहेका व्यक्तिलाई आगामी आर्थिक वर्षमा समेत नाप जाँच एवं हाल साविक गर्ने तथा जग्गा धनी पुर्जा वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

ग) नगरपालिकाको हाल कायम भएको साँध सिमानालाई समेटेर नापी, मालपोत लगायतका सम्बन्धित निकायसँग समन्वय गरी नगरपालिकाको नयाँ भौगोलिक नक्शा प्रकाशन गर्न पहल गरिनेछ ।

घ) पर्ति, ऐलानी तथा सार्वजनिक जग्गा र हदबन्दीमा परेको जग्गा नगरपालिकाको नाममा भोगाधिकार प्राप्त गरी स्थानीय स्तरमा उपयोगका लागि पहल गरिनेछ ।

ङ) एकिकृत जग्गा विकास अवधारणालाई प्राथमिकता दिइ कार्यान्वयनमा ल्याइनेछ ।

## (४) भौतिक पूर्वाधार विकास क्षेत्र

## ४.१ भौतिक पूर्वाधार

क) धार्मिक तथा ऐतिहासिक सम्पदा स्थलहरूको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । यस्ता सम्पदाहरूमा बत्ती तथा सडक बत्ती जडानको कार्यक्रमलाई निरन्तरता दिईनेछ । नेपाल विद्युत प्राधिकरणको साझेदारीमा सडक बत्ती जडान गरी सडक बत्तीको व्यवस्थापन गरिनेछ ।

ख) मापदण्ड विपरिताका तथा सार्वजनिक जग्गा अतिक्रमण गरिएका संरचना हटाउन विशेष नीति अबलम्वन गरिनेछ ।

ग) नगर क्षेत्रको सुरक्षालाई प्रभावकारी बनाउन सडक बत्ती तथा सि.सि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ ।

घ) नगर क्षेत्रभित्रको ढल व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरूसँग समन्वय गरिनेछ ।

ङ) नगर क्षेत्रका मुख्य मुख्य सडकहरुमा ट्राफिक आईल्याण्ड, रोड मार्किङ्ग र ट्राफिक संकेत चिन्हहरुको व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

च) नगरलाई विकृत बनाइरहेका अव्यवस्थित बिजुली, टेलिफोन, ईन्टरनेट, टेलिभिजन केवल लगायतका तारहरूलाई सम्बन्धित निकायहरुसँग समन्वय गरी व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।

छ) साविक सडकमा ढल तथा खानेपानी, विद्युत, केबल र अन्य प्रयोजनका लागि सडक खन्नु पूर्व नगरपालिकाको स्वीकृति लिई पूर्ववत अवस्था हुने गरी सम्बन्धित पक्षबाट नै काम सम्पन्न गराइनेछ ।

ज) सडकका खाल्टा-खुल्टी तत्काल मर्मत सम्भार गर्ने र सबै सडकको नियमित मर्मत संभार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

झ) कार्यालय भवन निर्माण गर्न बाँकी वडा कार्यालयहरुको निर्माण गर्दै लगिनेछ ।

ञ) **"विकासमा हातेमालो, योजनामा साझेदारी"** नीतिलाई प्रोत्साहित गर्दै पचास प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने योजना कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

ट) घना वस्ती क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि सम्पदा पदमार्ग निर्माण गरिनेछ ।

ठ) नगरपालिकाले योजना तर्जुमा गर्दा १० लाख भन्दा बढीको योजना तर्जुमा गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

ड) १० लाख भन्दा कम रकम विनियोजन भएका योजना सञ्चालनका लागि पेश्की रकम उपलब्ध नगराउने नीति लिइनेछ।

ढ) भवनको नक्सापास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाई विद्युतीय भवन निर्माण अनुमती प्रणालीलाई थप प्रभावकारी बनाई ऐनले तोकेको समयमा नै नक्सा पास गरी भवन निर्माण ईजाजत पत्र प्रदान गरिनेछ । यसका लागि क्षमता अभिवृद्धि सहित विभिन्न माध्यमबाट सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४.२ खेलकुद विकास

क) सबै वडाहरुमा खेल मैदान तथा व्यायामशाला निर्माण गरी युवा तथा खेलकुद विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ख) विद्यालय तथा वडास्तरको खेलकुद प्रशिक्षण तथा प्रतियोगिता कार्यक्रम र "मेयर खेलकुद् कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

ग) नगरभित्र सञ्चालन हुने विभिन्न खेलकुद कार्यक्रमहरू र आन्तरिक तथा बाह्य प्रतियोगिताहरूमा सहभागी हुने कार्यलाई निरन्तरता दिइनेछ ।

घ) विद्यालय तथा समुदाय स्तरमा खेलकुदका पूर्वाधार तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ङ) कीर्तिपुर नगरपालिका क्षेत्रभित्र एउटा अन्तराष्ट्रिय स्तरको ट्र्याक एण्ड फिल्ड सहितको रंगशाला निर्माण कार्य प्रारम्भ गरिनेछ ।

च) स्वस्थ, अनुशासित नागरिक तयार गर्न खेलकुदलाई संस्कृतिको रुपमा विकास गरिनेछ ।राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धाका लागि सक्षम र व्यवसायिक खेलाडी तयार गर्न खेलकुद पूर्वाधारको विकास गर्दै प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।स्थानीय खेलकुदलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## (५) सुशासन तथा संस्थागत विकास क्षेत्र

### ५.१ सुशासन

क) जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि आवश्यक क्षमता विकास तालिम कार्यक्रमहरू सञ्चालन गरी नगरबासीलाई उपलब्ध गराउने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो, छरितो, पारदर्शी जवाफदेही र जनउत्तरदायी बनाईनेछ।

ख) सबै शाखा प्रमुख तथा वडा सचिवको जवाफदेहिता वृद्धि गर्न कार्यसम्पादन करार गरिनेछ। कर्मचारीहरुको मनोवल उच्च बनाउन कार्यसम्पादनका आधारमा पुरस्कार तथा सुधार कार्यलाई लागू गरिनेछ ।

ग) नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूको जनशक्ति व्यवस्थापनलाई आवश्यकता अनुसार व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने लगायतका व्यवस्थापकीय कार्य गरिनेछ ।

घ) सार्वजनिक जग्गा संरक्षण कार्यक्रम, कानून शाखा तथा न्यायिक समिति प्रवर्द्धन कार्यक्रम, विद्युतीय नक्सा पास प्रवर्द्धन कार्यक्रम, घरदैलो राजश्व संकलन कार्यक्रम, सरसफाइ व्यवस्थापन कार्यक्रम, सडक सुधार कार्यक्रम, सञ्चालन गरिनेछ ।

ङ) आन्तरिक लेखा परीक्षण शाखाको क्षमता अभिवृद्धि गरी देखिएका बेरुजुहरूको समयमा नै सम्बोधन गर्ने व्यवस्था मिलाई बेरूजु न्यूनिकरण गरिनेछ ।

च) नगरपालिकाबाट भएका न्यायिक निर्णयको कार्यान्वयन गर्न फैसला कार्यान्वयन ईकाइको व्यवस्था गरिनेछ । न्यायिक समितिका काम कार्बाहीहरु डिजिटलाईज गर्न प्रोत्साहन गरिनेछ । कानूनी सहायता आवश्यक पर्ने पक्षका लागि कानूनी सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ५.२ सूचना प्रविधि

क) नगरपालिकाबाट प्रवाह गरिने सेवालाई थप सरल र सहज बनाउन सूचना तथा प्रविधिलाई प्रभावकारी रुपमा अवलम्वन गरिनेछ ।

ख) फ्रि वाइफाइ तथा सी.सी.टि.भि. व्यवस्थापनमा सुधार गरी थप विस्तार गरिनेछ।

ग) स्पासियल ईन्फरमेसन (Spatial Information) सहितको घर नम्बरिङ, व्यक्तिगत विवरण, बाटोघाटो, नगरमा रहेका सार्वजनिक स्थानहरु आदि समेटिएको नगर पार्श्वचित्र (नगर प्रोफाईल) तयार गरी भौगर्भिक सूचना प्रणाली (GIS) र घर नक्सा प्रणालीसँग जोडिनेछ।

घ) नगरपालिकामा सञ्चालनमा रहेका प्रणालीहरुको Digital Security सहित डाटा Backup स्थापना गरीएकोमा सो डाटा सेन्टरबाट सेवा प्रबाहमा IT Tools and Techniques को व्यवस्थापन गरिनेछ।

**अन्त्यमा,**

माथि प्रस्तावित नीति तथा कार्यनीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यक्रम र बजेटको विस्तृत विवरण सहितको प्रस्ताव यसै नगरसभाको आगामी बैठकमा प्रस्तुत हुने व्यहोरा जानकारी गराउँदै नीति, कार्यक्रम तथा बजेटको पूर्ण रुपमा कार्यन्वयन गर्न हामी सबैको सामूहिक प्रतिबद्धता, साझा संकल्प र क्रियाशिलताको अपेक्षा गर्दछु ।

नगरवासीको चाहना अनुरुप स्थापित यस स्थानीय सरकारले साधन र स्रोतको सिमीतताका बाबजुत पनि बढ्दो जन आकांक्षालाई सम्बोधन गर्ने प्रयास गरिएको छ। माथि उल्लेखित नीति, कार्यक्रम तथा बजेटलाई सफल रुपमा कार्यन्वयन गर्न नगरबासी, नागरिक समाज, सङ्घीय तथा प्रदेश सरकारका विभिन्न निकाय, निजी क्षेत्र, जनप्रतिनिधि तथा कर्मचारीहरूको निरन्तर सहयोग, समन्वय र सहभागीताको अपेक्षा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।